# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
# न्यू योर्क च्याप्टरको
# कार्यसञ्चालन नियमावली

**प्रस्तावना**

यो नियमावली "न्यू योर्क राज्य गैरनाफामूलक निगम ऐन" (The New York State Non-Profit Corporation Act) र "संस्था गठनका धाराहरु" (the Articles of Incorporation of Organization) सङ्ग सम्बन्धित तथा निर्देशित हुनेछन् । कुनै कारणबस यो नियमावली र उक्त ऐनका धाराहरु प्रत्यक्ष रुपमा बाभिएमा ऐनमा उल्लेख भएबमोजिम हुनेछ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको उद्देश्य प्राप्तिका लागि न्यू योर्क च्याप्टरद्वारा यो नियमावली जारी गरिएको छ ।

**धारा १. संस्थाको नाम र प्रारम्भः**

यो संस्थाको नाम अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यू योर्क च्याप्टर रहनेछ । यसलाई छोटकरीमा - अ. ने. सा. स. न्यू योर्क भनिनेछ । नियमावलीमा प्रयुक्त "समाज" शब्दले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज न्यू योर्क च्याप्टरलाई जनाउनेछ ।

**धारा २. समाजको नियमावली**

यो समाजको नियमावलीलाई अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज न्यू योर्क च्याप्टरको नियमावली सन् २०११ भनिनेछ । यो नियमावली अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय नियमावलीको मर्म र भावना विपरित हुनेछैन ।

**धारा ३. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

- क) "अध्यक्ष" भन्नाले समाजको नियमावली बमोजिम सो पदमा निर्वाचित वा मनोनित व्यक्तिलाई बुझाउनेछ ।
- ख) "उपाध्यक्ष" भन्नाले समाजको नियमावली बमोजिम सो पदमा निर्वाचित वा मनोनित व्यक्तिलाई बुझाउनेछ ।
- ग) "महासचिव" भन्नाले समाजको नियमावली बमोजिम सो पदमा निर्वाचित वा मनोनित व्यक्तिलाई बुझाउनेछ ।
- घ) "सचिव" भन्नाले समाजको नियमावली बमोजिम सो पदमा निर्वाचित वा मनोनित व्यक्तिलाई बुझाउनेछ ।
- ङ) "कोषाध्यक्ष" भन्नाले समाजको नियमावली बमोजिम सो पदमा निर्वाचित वा मनोनित व्यक्तिलाई बुझाउनेछ ।
- च) "कार्यकारी सदस्य" भन्नाले समाजको नियमावली बमोजिम सो पदमा निर्वाचित वा मनोनित व्यक्तिलाई बुझाउनेछ ।
- छ) "सदस्य" भन्नाले समाजको नियमावली बमोजिम सदस्यता प्राप्त गरेको व्यक्तिलाई बुझाउनेछ ।
- ज) "प्रधान सम्पादक" भन्नाले समाजको नियमावली बमोजिम सो पदमा निर्वाचित वा मनोनित व्यक्तिलाई बुझाउनेछ ।
- झ) "सल्लाहकार समिति" भन्नाले समाजको नियमावली बमोजिम गठित सल्लाहकार समितिलाई बुझाउनेछ ।
- ञ) "कोष" भन्नाले समाजको नियमावली बमोजिम समाजको खातामा जम्मा हुन आएको नगद वा जिन्सी दुवैलाई जनाउनेछ ।
- ट) "निर्देशिका" भन्नाले कार्यसमितिले समाजको नियमावली भित्र रहेर समाजको दैनिक कार्य सम्पन्न गर्नका लागि तयार पारेको निर्देशिकालाई जनाउनेछ ।
- ठ) "ऐन" भन्नाले 'न्यू योर्क राज्य गैरनाफामूलक निगम ऐन' (The New York State Non-Profit Corporation Act) लाई बुझाउने छ ।
- ड) "साधारण सभा" भन्नाले समाजको नियमावली बमोजिम मताधिकार कायम रहेका न्यू योर्क च्याप्टरका सम्पूर्ण सदस्यहरुको सभालाई जनाउनेछ ।

**धारा ४. समाजको कानुनी व्यक्तित्व**

क) समाज एक अविच्छिन्न उत्तराधिकारवाला, गैरनाफामूलक, गैरराजनीतिक एवं समाज सेवाको भावनाले अभिप्रेरित स्वशासित समाजको रुपमा रहनेछ । संसारको जुनसुकै कुनामा रहेर पनि नेपाली साहित्य र संस्कृतिको जगेर्ना, संरक्षण र संवर्द्धन तथा प्रचार प्रसार एवं नेपाली भाषाको पठन पाठनमा संलग्न व्यक्तिहरु यो समाजमा आबद्ध हुन सक्ने छन् ।

ख) समाजले आफ्नो नियमावली बमोजिमको कार्य गर्न कसैले बाधा पुऱ्याएमा सो उपर समाजको तर्फबाट कानुनी उपचार गर्न सक्नेछ र समाजउपर पनि सोही बमोजिम नालिस उजुर गर्न सकिनेछ ।

ग) समाज न्यू योर्क राज्यको गैरसरकारी संस्था ऐन (New York State Non-Profit Corporation Act) मा उल्लेख गरिएका प्रावधान अनुरुप सञ्चालित हुनेछ र संघीय आन्तरिक राजश्व संहिता (संशोधन सहित) १९८६ को नियम ५०१(सी)(३) अनुरुपको संघीय आयकर मिनाहा पाउने यसको हैसियत प्रतिकूल हुने प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि प्रकारको कार्यमा संलग्न हुनेछैन ।

**धारा ५. समाजको उद्देश्यः**

नेपाली साहित्य, कला र संस्कृतिको जगेर्ना, विकास, संबर्द्धन र उत्थानका लागि गैरनाफामूलक रुपमा विविध कार्यक्रमहरु परिचालन गर्नु समाजको प्रमुख उद्देश्य हुनेछ । समाजले आफ्नो कार्यक्षेत्रभित्र देहाय बमोजिमको कार्यहरु गर्नेछ –

क) नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकास, संरक्षण तथा सम्बर्द्धन गर्न सहयोग पुऱ्याउने ।

ख) नेपाल भित्रका अन्य भाषा, साहित्य र कलाको विकास, संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याउने ।

ग) नेपाली भाषाका विविध विधाहरू (जस्तै भाषा, साहित्य, कला, कथा, कविता, नाटक, निबन्ध आदि) मा सभा, कार्यशाला, गोष्ठि, सम्मेलन आदि आयोजना गर्ने ।

घ) नेपाली साहित्यिक रचनाहरुको सङ्कलन, सम्पादन, प्रकाशन, अनुवाद तथा वितरण गरी नेपाली साहित्यको अभिबृद्धिमा सहयोग गर्ने ।

ङ) नेपाली भाषा, साहित्य तथा कलामा उल्लेखनीय कार्य गर्ने प्रतिभालाई प्रोत्साहन र सम्मान गर्ने ।

च) संभव भएसम्म नेपाली भाषा र साहित्यसङ्ग सम्बन्धित कृतिहरुको अन्य विदेशी भाषाहरुमा उल्था र प्रकाशन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली भाषा र साहित्यको प्रचारप्रसार एबं प्रबर्द्धन गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

छ) संभव भएसम्म विदेशी भाषामा लेखिएका बहुमूल्य साहित्यिक कृतिहरुलाई नेपाली भाषामा उल्था गरी प्रकाशन गर्ने ।

ज) विदेशमा रहेका नेपाली मूलका वालवालिकाहरुलाई लक्षित गरी उनीहरुमा नेपाली भाषा, कला र साहित्यप्रतिको महत्व, गरीमा र विशेषता आदिलाई समेट्ने कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

झ) समाजको उद्देश्य प्राप्तिका लागि नेपाली भाषा, साहित्य र कलासङ्ग आवद्ध संघसस्थाहरुसङ्ग समन्वय, सहकार्य तथा हातेमालो गर्दै अगाडि बढ्ने ।

ञ) नेपाली लोकलय, लोकभाषा, लोकसाहित्य र लोकसंस्कृति (स्थानीय नेपाली कला र संस्कृति) को विकास, संरक्षण र संवर्द्धनमा सहयोग गर्ने ।

ट) नेपाली भाषा, साहित्य तथा कलाको प्रबर्द्धनमा सघाउ पुऱ्याइरहेका छापा, श्रव्यदृष्य सामग्री तथा अन्य सञ्चारका माध्यमहरुलाई आबश्यक सहयोग तथा प्रोत्साहन गर्ने ।

ठ) माथिका उद्देश्य प्राप्तिका लागि कानुनसम्मत रुपमा झैपरी आउने अन्य क्रियाकलापहरुमा संलग्न हुने ।

**धारा ६. समाजका पदाधिकारी र सल्लाहकार तथा कर्मचारीहरुको बचाउ :**

(क) समाजको पदाधिकारी, सल्लाहकार समिति र सबै सदस्यहरु एवं कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा वा समाजको प्रतिनिधिका हैसियतमा असल नियतले गरेको कार्यको सिलसिलामा कुनै मुद्दा वा कानूनी कारवाही पर्न आएमा समाजले निजको बचाउ गर्ने छ । तर यस्तो कार्य जानी जानी वा हेलचेक्र्याई वा लापरवाहीबाट भएको भनी प्रमाणित भएमा यस्तो बचाउको सुविधा प्राप्त हुने छैन । कार्य समितिले समाजको सर्वोत्तम हितलाई ध्यानमा राखी बचाउको सुविधा प्रदान गर्नेछ ।

(ख) ऐन बमोजिम समाजका कुनै पनि सदस्यहरुलाई समाजले व्यहोर्नुपर्ने ऋण, दायित्व र जिम्मेवारीउपर व्यक्तिगत रुपमा उत्तरदायी बनाइनेछैन । तर समाजको नियमावली बमोजिम सदस्यहरुले तिर्नुपर्ने कुनै पनि शुल्क र

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूयोर्क
INTERNATIONAL NEPALI LITERARY SOCIETY, NEW YORK EST. 2004

संस्थाबाट लिइएको कुनै पनि रकम तिर्नमा भने समाजका सम्बन्धित सदस्यहरु उत्तरदायी हुनेछन् ।

(ग) कुनै ऋणदाताले निम्न अवस्थामा वाहेक समाज उपर कुनै कानूनी कारवाही गर्न सक्ने छैन ।

अ) कानुन बमोजिम ऋणदाताको रकम असुल गर्ने आदेश भएको वा सो असुलीको कार्यान्वयन सन्तोषजनक नभएको वा

आ) समाज आर्थिक रुपमा टाट पल्टेको अख्तियार प्राप्त निकायबाट घोषणा भएको र ऋणदातालाई ऋण असुल गर्ने अख्तियार प्राप्त भएको अवस्था वा

इ) समाज विघटन भएको अवस्था ।

माथिका कुनै एक घटना भएको तीन वर्षपछि कुनै पनि कारवाही गर्न सकिनेछैन ।

(घ) वचाउको लागि समाजको कार्यकारिणी समितिले निम्नानुसारको प्रक्रिया तोक्नेछ ।

अ) वचाउको विषयमा छलफल गर्नका लागि समाजका कार्यकारिणी समितिका आरोप नलागेका सदस्यहरुको बहुमतको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ र सोही अनुसार निर्णय हुनेछ ।

आ) उचित गणपूरक संख्या नभएको वा उचित प्रक्रियासम्मत तरिकाले निर्णय गर्न नसकिने अवस्था उत्पन्न भएमा निज आरोपित व्यक्तिले असल नियतले कार्य गरेको भनी कानूनी परामर्शदाताको लिखित सुझाव लिएर निर्णय गरिनेछ । विवादसङ्ग सरोकार राख्ने सम्पूर्ण कानूनी प्रश्नहरुमा कानूनी परामर्शदाताको सल्लाह अनुरुप कार्यकारिणी समितिले निर्णय गर्नेछ ।

**धारा ७. समाजको सदस्यता :**

क) ऐन तथा संस्था गठनका धाराहरु संग सम्बन्धित रही नेपाली भाषा, कला र साहित्यको अभिबृद्धिमा समर्पित भएका वा अभिरुचि भएका कुनै पनि व्यक्ति समाजको सदस्य हुन सक्नेछन् र नियमावली बमोजिम निर्वाचित तथा मनोनित भई कार्य गर्न सक्नेछन् ।

ख) सदस्यताको अवधि तोकिए बमोजिम हुनेछ ।

ग) अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज न्यूयोर्क च्याप्टरका सदस्यहरु साधारणतया रु किसिमका हुनेछन् ।

**अ) साधारण सदस्यता :**

समाजको नियमावली भित्र रही कुनै पनि व्यक्तिले नयाँ सदस्यता लिने वा सदस्यता नवीकरण गर्न सक्नेछ । यस्तो साधारण सदस्यको पदावधि दुई वर्षको हुनेछ र सदस्यता दस्तुर अमेरिकी डलर २० हुनेछ । सदस्यता नवीकरण नगरेमा समाजको सदस्यता स्वत खारेज हुनेछ । चुनावमा उम्मेदवारको रुपमा खडा हुन र आफ्नो मताधिकारको प्रयोग गर्नको लागि चुनावको मितिभन्दा कम्तिमा पनि ६ महिना अगाडि सदस्यता लिइसकेको हुनुपर्नेछ ।

**आ) आजीवन सदस्यता :**

समाजको नियमावली भित्र रही कुनै पनि व्यक्तिले १०० अमेरिकी डलर तिरी आजीवन सदस्यता लिन सक्नेछ । समाजका आजीवन सदस्यहरु स्वतः केन्द्रको पनि आजीवन सदस्य हुनेछन् । आजीवन सदस्यका काम–कर्तव्य र अधिकारहरु साधारण सदस्यलाई भए सरह हुनेछ ।

**इ) संस्थागत आजीवन सदस्यता :**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको उद्देश्य प्राप्तिका लागि सघाउ पुऱ्याउन चाहने कुनै पनि गैरराजनीतिक, गैरनाफामूलक संस्थाहरु १०००.०० अमेरिकी डलर शुल्क तिरी आजीवन सदस्य हुन सक्नेछन् । संस्थागत आजीवन सदस्यहरु लाई समाजका प्रकाशनहरु निःशुल्क उपलब्ध गराइनेछ ।

**ई) संरक्षक सदस्यता :**

समाजको नियमावली भित्र रही नेपाली भाषा, कला र साहित्यको अभिबृद्धिमा समर्पित भएका वा अभिरुचि भएका

कुनै पनि व्यक्तिले समाजद्वारा तोकिएका ढाँचामा आवेदन फर्म भर्न सक्नेछ । यसरी प्राप्त हुन आएको आवेदनमा छानविन गरी कार्यकारिणी समितिको निर्णय अनुरुप संरक्षक सदस्यता प्रदान गर्ने विषयमा निर्णय गरिनेछ । यस्तो सदस्यता प्राप्त गर्न ५००.०० अमेरिकी डलर सदस्यता शुल्कबापत बुझाउनु पर्नेछ । संरक्षक सदस्यहरु स्वत: संस्थाको आजीवन सदस्य हुनेछन् । संरक्षक सदस्यहरुलाई समाजका प्रकाशनहरु नि:शुल्क उपलब्ध गराइनेछ ।

**उ) मानार्थ सदस्यता :**

नेपाली भाषा कला र साहित्यका क्षेत्रमा उत्कृष्ठ योगदान पुऱ्याएका व्यक्तित्वहरुलाई सम्मान स्वरुप समाजको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

**ऊ) समाजका सदस्यहरुको काम( कर्तव्य र अधिकारहरु :**

क) समाजको न्यूयोर्क च्याप्टरका कार्यसमितिका पदाधिकारी चयनमा मतदान गर्ने ।
ख) समाजको कार्यसमितिको पदाधिकारीको निर्वाचनमा उम्मेद्वार हुने ।
ग) समाजको साधारण सभामा भाग लिने ।
घ) कार्यकारी समितिले तोकेबमोजिमका आवश्यक कार्यहरु गर्ने ।

**धारा ८. सल्लाहकार समिति :**

क) नेपाली भाषा, कला र साहित्यको अभिबृद्धिमा योगदान पुऱ्याएका वा समाजको नियमावली भित्र रही सहयोग पुऱ्याउन इच्छुक व्यक्तिहरु समेट्ने गरी नयाँ कार्यकारिणी समितिले तीन महिना भित्र एक सल्लाहकार समिति गठन गर्नेछ । सल्लाहकार समितिको गठन, संख्या, एवं बैठकसम्बन्धी विषयहरु समाजको कार्यकारिणी समितिले निर्धारण गरेबमोजिम हुनेछ । सल्लाहकार समितिको कार्यावधि दुई वर्षको हुनेछ । तर नयाँ कार्यकारिणी समितिले नयाँ सल्लाहकार समिति गठन नगरेसम्म पुरानो सल्लाहकार समितिले कार्य गरिरहनेछ । निवर्तमान अध्यक्ष स्वत: सल्लाहकार समितिमा रहनेछ । कार्यकारिणी समितिले अन्यथा निर्णय गरेबाहेक सल्लाहकार समितिको बैठक वर्षमा एक पटक अनिवार्य रुपले बस्नेछ । समाजको हितको प्रतिकूल हुने कुनै कार्य गर्ने सल्लाहाकार समिति वा सो को कुनै सदस्यलाई समाजको कार्यकारिणी समितिको सामान्य बहुमतको निर्णयबाट हटाउन सकिनेछ । समाजको बृहत्तर हितलाई ध्यानमा राखी समाजको निरन्तरता, उत्थान र प्रगतिका लागि सल्लाहकार समितिले आवश्यक साधन र श्रोत जुटाउन सहयोग पुऱ्याउनेछ ।

ख) सल्लाहकार समितिले समाजमा विशेष परिस्थिति उत्पन्न भई पुरानो कार्यकारिणी समितिको पदावधि समाप्त भएको तर चुनावद्वारा नयाँ समिति गठन हुन नसकेको अवस्थामा पुरानै कार्य समितिलाई अर्को व्यवस्था नभएसम्मका लागि काम गर्ने गरी तोक्न सक्नेछ वा सो नभएमा समाजका सदस्यहरुबाट अर्को व्यवस्था नभएसम्मका लागि कार्यकारिणी समिति गठन गर्न सक्नेछ ।

**धारा ९. कार्यकारिणी समिति :**

समाजको दैनिक कार्यसञ्चालनका लागि कार्यकारिणी समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् –

क) अध्यक्ष १
ख) उपाध्यक्ष १
ग) महासचिव १
घ) कोषाध्यक्ष १
ङ) सदस्यहरु ३

**धारा १०. कार्यकारिणी समितिका कार्यहरु :**

क) समाजको नियमावली, निर्देशिका र स्थानीय कानूनको परिधिभित्र रही समाजको दैनिक कार्यसञ्चालन गर्ने ।
ख) समाजको उद्देश्य परिपूर्तिका लागि आवश्यक पर्ने नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने ।
ग) समाजका सदस्यता वितरण तथा सल्लाहकार समिति तथा निर्वाचन समिति गठन सम्बन्धी कार्यहरु गर्ने ।
घ) समाजको साधारण सभाको आयोजना गर्ने । बहुसंख्यक सदस्यहरुको उपस्थिति सुनिश्चित गर्न समाजले

सञ्चालन गर्ने कुनै महत्वपूर्ण कार्यक्रमको अवसरमा साधारण सभाको आयोजना गर्न सकिनेछ ।

ङ) समाजको केन्द्रीय कार्यकारिणी समितिसंग समन्वय गरी कार्य सञ्चालन गर्ने,

च) समाजको हितका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

छ) कार्य सम्पादनमा सघाउ पु¥याउन विभिन्न उप–समितिहरु तथा कार्यदल गठन गर्ने ।

**धारा ११. समाजका निर्वाचित पदाधिकारीहरुको काम–कर्तव्य, अधिकार र योग्यता**

क) अध्यक्षको काम कर्तव्य र अधिकार

अ) नियमावलीअनुसार कार्यकारिणी समिति, सल्लाहकार समितिको बैठक बोलाउने र सोको अध्यक्षता गर्ने ।

आ) समाजको साधारण सभा र कार्यसमितिको बैठकबाट पारित कार्यक्रमलाई कार्यान्वयन गर्ने, गराउने ।

इ) समाजको तर्फबाट विभिन्न निकाय तथा संघसस्थामा आवश्यक प्रतिनिधित्व गर्ने, गराउने ।

ई) समाजको बैठकमा निर्णयार्थ प्रस्तुत हुने कुनै पनि विषयको पक्ष र विपक्षमा बराबरी मत परेमा निर्णायक मत दिने ।

उ) नियमावली र साधारण सभाद्वारा तोकिएका अन्य कामहरु गर्ने गराउने,

ए) कार्यकारिणी समितिको सहमतिमा निर्णय गर्ने अधिकार अध्यक्षलाई हुनेछ र सो निर्णयलाई सबैले पालना गर्नुपर्नेछ ।

ख) अध्यक्ष पदका लागि उम्मेदवार हुनको लागि चाहिने योग्यता

अ) उम्मेदवारी दिने मितिसम्म समाजमा लगातार रुपमा ६ महिनासम्म सदस्यता कायम भइरहेको हुनुपर्ने छ । विगतमा सदस्यता लिएको तर बीच समयमा नवीकरण वा अद्यावधिक नगरेका व्यक्तिहरु उम्मेद्वारका लागि योग्य हुने छैनन् ।

आ) समाजको न्यूयोर्क शाखाको कार्यकारिणी समितिमा रही कम्तिमा पनि एक कार्यावधि पूरा गरेको हुनुपर्नेछ

इ) कुनै पनि व्यक्ति दुई कार्यावधि भन्दा बढी अवधिका लागि अध्यक्षको उम्मेदवार हुन पाउनेछैन ।

ग) उपाध्यक्षको काम–कर्तव्य र अधिकार

अ) अध्यक्षको काम कारवाहीमा सघाउ पु¥याउने ।

आ) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता लगायत तोकिएका अन्य कार्य गर्ने ।

इ) समाजको बैठकमा प्रस्तुत कुनै पनि विषयमा मतदान गर्ने अवस्था आएमा मतदान गर्ने ।

ई) विधान र साधारण सभाद्वारा तोकिएका अन्य कामहरु गर्ने, गराउने ।

घ) उपाध्यक्षमा उम्मेदवार हुनको लागि चाहिने योग्यता

उम्मेदवारी दिने मितिसम्मे समाजमा लगातार रुपमा ६ महिनासम्म सदस्यता कायम भइरहेको हुनुपर्नेछ । विगतमा सदस्यता लिएको तर बीच समयमा नवीकरण वा अध्यावधिक नगरेका व्यक्तिहरु उम्मेद्वारका लागि योग्य हुने छैनन् ।

ङ) महासचिवको काम–कर्तव्य र अधिकार

अ) समाजको कार्यहरुको अभिलेख राख्ने ।

आ) समाजको बैठकको छलफल तथा निर्णयको अभिलेख दुरुस्त राख्ने ।

इ) नियमानुसार अध्यक्षको परामर्शमा बैठक डाक्ने ।

ई) अध्यक्ष तथा कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

उ) समाजका तर्फबाट गरिने हरेक किसिमका पत्राचारको अभिलेख अद्यावधिक राख्ने ।

च) महासचिव पदमा उम्मेदवार हुनको लागि चाहिने योग्यता

उम्मेदवारी दिने मितिसम्म समाजमा लगातार रुपमा ६ महिनासम्म सदस्यता कायम भइरहेको हुनुपर्ने छ । विगतमा सदस्यता लिएको तर बीच समयमा नवीकरण वा अद्यावधिक नगरेका व्यक्तिहरु उम्मेद्वारका लागि योग्य हुने छैनन् ।

छ) कोषाध्यक्षको काम–कर्तव्य र अधिकार

अ) समाजको दैनिक आयव्यय एवं बैंकको अभिलेख राख्ने र समाजका सबै किसिमका सदस्यहरुको अभिलेख अद्यावधिक राख्ने ।

आ) समाजको आयव्यको (जिन्सी तथा नगदी) विवरण दुरुस्त राख्नुका साथै आर्थिक कोषबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

इ) समाजको साधारणसभामा आयव्ययको विवरण प्रस्तुत गर्ने ।

ई) समाजका तर्फबाट बुझाउनुपर्ने स्थानीय कर लगायतका शुल्कहरु तथा विवरण तयार पारी सम्बन्धित निकायमा समयमै दाखिला गर्ने ।

ए) कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

ज) कोषाध्यक्षको पदमा उम्मेदवार हुनको लागि चाहिने योग्यता

उम्मेद्वारी दिने मितिसम्म समाजमा लगातार रुपमा ६ महिनासम्म सदस्यता कायम भइरहेको हुनुपर्ने छ । विगतमा सदस्यता लिएको तर बीच समयमा नवीकरण वा अध्यावधिक नगरेका व्यक्तिहरु उम्मेद्वारका लागि योग्य हुने छैनन् ।

झ) कार्यकारिणी समितिको सदस्य पदमा उम्मेदवार हुनका लागि चाहिने योग्यता

कार्यकारिणी समितिका सदस्यहरु तीन जना हुनेछन । उम्मेदवारी दिने मितिसम्म निजहरुको समाजमा लगातार रुपमा ६ महिनासम्म सदस्यता कायम भइरहेको हुनुपर्ने छ । विगतमा सदस्यता लिएको तर बीच समयमा नवीकरण वा अध्यावधिक नगरेका व्यक्तिहरु उम्मेद्वारका लागि योग्य हुने छैनन् । समाजको उद्देश्य प्राप्तिका लागि समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार कार्यकारिणी समितिले निर्णय गरेबमोजिम हुनेछ ।

**धारा १२. निर्वाचन सम्बन्धी व्यवस्था**

क) समाजको कार्यकारिणी समितिका पदाधिकारीको निर्वाचन हरेक दुई वर्षमा हुनेछ ।

ख) सामान्यतया समाजका पदाधिकारीहरुको पदावधि सकिनुभन्दा कम्तिमा एक महिना अगाडि निर्वाचन सम्पन्न गरिसकिएको हुनेछ ।

ग) समाजको नियमावली बमोजिम निर्वाचन हुने पदको पदपूर्तिका सम्बन्धमा समाजका मानार्थ र संस्थागत बाहेक अन्य सदस्यहरुको गोप्य मतदानद्वारा सामान्य बहुमतले निर्वाचित हुनुपर्नेछ ।

घ) निर्वाचनमा भाग लिने मतदाता हुनका लागि निर्वाचन मितिभन्दा कम्तिमा पनि ६ महिना अगाडि समाजको विधानमा तोकिएबमोजिमको प्रक्रिया पुऱ्याई साधारण वा आजीवन सदस्यता लिएको हुनुपर्नेछ ।

ङ) समाजका विभिन्न पदहरुमा उम्मेद्वार हुनका लागि उम्मेद्वारी दस्तुरबापत अमेरिकी डलर २० बुझाउनु पर्नेछ ।

**धारा १३. निर्वाचन समितिको व्यवस्था, काम कर्तव्य र अधिकार**

क) कार्यकारिणी समितिले आफ्नो कार्यकाल सकिनुभन्दा तीन महिना अघि ३ सदस्यीय निर्वाचन समितिको गठन गरी काम कर्तव्य र अधिकार तोक्नेछ ।

ख) निर्वाचन समितिले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्रीय कार्यालयको निर्वाचन निर्देशिकालाई आधार मानी आफ्नो कार्यविधि आँफै व्यवस्थित गर्नेछ ।

ग) निर्वाचन समितिले कार्यकारिणी समितिद्वारा प्रमाणित आधिकारिक मतदाता नामावलीलाई आधार मानी निर्वाचन सम्पन्न गर्नेछ ।

घ) मतदान कार्यक्रमको घोषणा र मतदान कार्य कार्यान्वयन गर्ने छ ।

ङ) निर्वाचनको कार्य सम्पन्न भई परिणाम घोषणा गरेपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

च) निर्वाचनमा अनियमितताको विरुद्ध सल्लाहकार समितिमा उजुरी पेश गर्न सकिनेछ । यसरी पर्न आएको उजुरीमाथि छानविन र निर्णय गर्ने अधिकार सल्लाहकार समितिलाई हुने छ र सो को निर्णय नै अन्तिम हुनेछ ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूयोर्क, अमेरिका
INTERNATIONAL NEPALI LITERARY SOCIETY, NEW YORK, EST. 2004
२०६१

**धारा १४. रिक्त पदपूर्ति सम्बन्धमा विशेष व्यवस्था**

राजीनामा वा अन्य कुनै कारणले रिक्त हुन गएको कार्यसमिति अन्तर्गतका कुनै पनि पदमा विशेष निर्वाचनको माध्यमद्वारा रिक्त भएको ४५ दिनभित्र पूर्ति गरिनेछ । यसका लागि कार्यकारिणी समितिले छुट्टै निर्वाचन समिति गठन गर्नेछ । तर, रिक्त हुन आएको पदको अवधि ६ महिनाभन्दा कम भएको अवस्थामा अध्यक्षको हकमा सल्लाहकार समितिले, उपाध्यक्ष र अन्य पदाधिकारीका हकमा कार्यकारिणी समितिले सो समितिका पदाधिकारी र सदस्य एवं समाजका नियुक्त हुन पाउने सदस्यहरु मध्येबाट नियुक्ति गरी पदपूर्ति गर्न सक्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवै पद रिक्त हुन गएको अवस्थामा सल्लाहाकार समितिले कार्यकारिणी समितिका बाँकी पदाधिकारी तथा सदस्यहरु मध्येबाट मनोनयन गरी पदपूर्ति गर्नेछ ।

**धारा १५.कार्यकारिणी समितिको बैठक**

क) कार्यकारिणी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
ख) कार्यकारिणी समितिको बैठक अध्यक्षको निर्देशनमा महासचिवले बोलाउनेछन् ।
ग) कार्यकारिणी समितिको बैठक बोलाउँदा महासचिवले कम्तिमा पनि १५ दिन अगाडि बैठक बस्ने स्थान, मिति र समय तोकी उपयुक्त सञ्चार माध्यम (पत्राचार/फोन/ई–मेल) आदिबाट जानकारी गराउनुपर्ने छ र सो जानकारीको एक प्रति विद्युतीय वा मुद्रित कुनै पनि रुपमा रेकर्ड राख्नुपर्नेछ ।
घ) कार्यकारिणी समितिका कम्तिमा पनि ३ जना सदस्यले बैठक बस्नुपर्ने आधार र कारण खुलाई महासचिवलाई निवेदन दिएमा अध्यक्षले कार्यकारिणी समितिको बैठक बोलाउनुपर्नेछ ।

**धारा १६. अविश्वासको प्रस्ताव एवं सदस्यताको खारेजी**

क) समाजको नियमावली बमोजिम समाजका सदस्य संख्याको कम्तिमा पनि एक चौथाइ मतले कार्यकारिणी समितिका पदाधिकारीहरु वा अन्य सदस्यले संस्थागत हित विपरीत काम गरेको, बारम्वार समाजको नियमावली उलंघन गरेको वा अन्य कार्यबाट संस्थाको मान प्रतिष्ठामा आंच पुग्ने कुनै काम गरेको, काम गर्ने उद्योग गरेको, उक्साएको अवस्थामा निजउपर कार्यकारिणी समितिमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन् ।
ख) यसरी दर्ता भएको अविश्वासको प्रस्ताव उपर कार्यकारिणी समितिले छानविन गरी ४५ दिन भित्र साधारण सभामा पेश गर्ने छ । सो प्रस्तावमा छलफल गरी उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतको निर्णयबाट उक्त प्रस्तावलाई किनारा लगाइनेछ । तर यसरी अविश्वासको प्रस्ताव पारित गर्नुपूर्व प्राकृतिक न्यायको सिद्धान्त अनुरुप निजलाई सफाइ पेश गर्ने पर्याप्त समय र मौका दिइनेछ ।

**धारा १७. साधारण सभा**

क) माथि दफा १६ (ख) को अवस्थामा बाहेक समाजको साधारणसभा सामान्यतया वर्षमा एकपटक बस्नेछ ।
ख) साधारण सभाले समाजका अध्यक्षद्वारा प्रस्तुत गरिएको आगामि बार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्ताव भएबमोजिम वा संशोधनसहित पारित गर्नेछ ।

**धारा १८.समाजको आय-व्यय सञ्चालन, व्यवस्थापन र रेखदेख**

क) समाजको नाममा कम्तिमा पनि एउटा र आवश्यकता अनुसार अन्य बैंक खाताहरु हुनेछन् । उक्त खाता कार्यकारिणी समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतद्वारा सञ्चालन गरिनेछ ।
ख) समाजको आम्दानीको श्रोतहरु निम्न हुनेछन् –

अ) समाजका सदस्यताबाट प्राप्त शुल्क ।
आ) समाजलाई विभिन्न व्यक्ति, संघसंस्था, दातृ निकाय एवं सरकारी तवरबाट प्राप्त हुने अनुदान एवं सहयोग ।
इ) विभिन्न निकायबाट प्राप्त हुने आर्थिक सहायता, चन्दा, पुरुस्कार ।
ई) समाजका प्रकाशनको विक्रिवितरण आदिबाट प्राप्त नगद तथा जिन्सीसामग्रीहरु ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूयोर्क
INTERNATIONAL NEPALI LITERARY SOCIETY, NEW YORK, EST. 2004
२०६१

ग) आर्थिक वर्ष

समाजको आर्थिक वर्ष इस्वी सम्बतीय पात्रो अनुसार हरेक वर्षको जनवरी १ गतेबाट शुरु भई डिसेम्बर ३१ गतेमा अन्त्य हुनेछ ।

**धारा १९.नियमावलीको संशोधन**

क) समाजलाई अझ समसामयिक, व्यापक, सशक्त, सवल र सृजनशील बनाउने प्रयोजनका लागि नियमावलीमा आवश्यक संशोधन गर्न सकिनेछ ।

ख) नियमावली संशोधनको आवस्यकता र औचित्यबारे कार्यकारिणी समितिले समाज भित्र छलफल र बहस गराई प्राप्त सुझाव र परामर्शलाई ध्यानमा राख्तै कार्यकारिणी समितिको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतको निर्णयका साथ अनुमोदनका लागि साधारण सभामा पेश गर्नेछ।

ग) साधारण सभाको सामान्य बहुमतबाट परित भएपछि नियमावली संशोधन हुनेछ ।

**धारा २०. समाजको विघटन र बचाउ**

(क) समाजमा चरम आर्थिक सङ्कट वा मानव संसाधन वा अन्य यस्तै अवस्था आइपरी समाज सञ्चालन हुनै नसक्ने अवस्था आइपरेमा समाजको विघटन हुनसक्नेछ ।

(ख) तर यसरी विघटनको निर्णय गर्दा कम्तिमा पनि उपलब्ध भएका सम्पूर्ण सदस्य संख्याको दुई–तिहाइ मतले छलफल गरी पारित गरेपछि विघटन भएको मानिनेछ ।

(ग) यसरी विघटन भएपछि संस्था र संस्थाको नाममा रहेको सम्पूर्ण चलअचल जिन्सि तथा नगदी एवं भौतिक बस्तुहरु व्यक्तिगत रुपमा कसैले दावी गर्न पाउनेछैन । यो समाजको सम्पत्ति र यसको आम्दानीको कुनै हिस्सा वा चल अचल सम्पत्ति समाजका कुनै पनि अधिकृत वा सदस्य वा अन्य कुनै निजी व्यक्तिको फाइदाका लागि खर्च गरिनेछैन, साथै समाजको नाउँमा रहेको र समाजले व्यहोर्नुपर्ने कुनै पनि भौतिक तथा आर्थिक जिम्मेवारी उपर व्यक्तिगत रुपमा कुनै पनि सदस्यलाई जिम्मेवार ठहऱ्याइनेछैन । समाजको विघटनको अवस्थामा यस उपरका सम्पूर्ण दायित्व व्यहोरी सकेपछि बाँकी रहेको सम्पत्ति आन्तरिक राजश्व संहिता (संशोधन सहित) १९८६ को नियम ५०१(सी)(३) र अन्य भविष्यमा जारी हुने संघीय राजस्व संहितासंग सम्बन्धित नियमको अधिनमा रही कर छुटको हैसियत भएको कुनै सामाजिक हितको लागि कार्यरत गैरसकारी संस्थालाई प्रदान गरिनेछ ।

( यो नियमावली फेब्रुवरी २१, २०१० मा बसेको कार्यकारिणी समिति र सल्लाहकारहरुको संयुक्त बैठकद्वारा गठन गरिएको मस्यौदा समितिले तयार पारेको मस्यौदामा व्यापक छलफल गरी प्राप्त सल्लाह र सुझावहरु समावेश गरी जुन २९, २०११ मा बसेको कार्यकारिणी समितिको बैठकद्वारा सर्वसम्मतिबाट पारित गरिएको हो ।)